प्रदेश सरकार
लुम्बिनी प्रदेश
आर्थिक मामिला तथा योजना मन्त्रालय
मुकाम: बुटवल, नेपाल

प्रदेश सरकार (म.प) स्वीकृत
मिति : २०७८/०१/२१

# कोरोना भाइरस (COVID–19) नियन्त्रण तथा उपचार कोष (स्थापना र सञ्चालन) निर्देशिका, २०७८

प्रस्तावनाः लुम्बिनी प्रदेशमा कोरोना भाइरस (COVID–19) को प्रकोप नियन्त्रणका लागि पूर्व तयारी, रोगको पहिचान तथा नियन्त्रण एवम् कोरोना भाइरस प्रभावितहरुको प्रभावकारी उपचारको प्रबन्ध गर्नको लागि आवश्यक पर्ने खर्चको शीघ्र व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश, प्रदेश सरकारले यो निर्देशिका बनाएको छः-

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस निर्देशिकाको नाम "कोरोना भाइरस (COVID – 19) नियन्त्रण तथा उपचार कोष (स्थापना र सञ्चालन) निर्देशिका,२०७८" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) "कोष" भन्नाले दफा ३ वमोजिमको कोष सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले स्वास्थ्य सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्दछ ।

(ग) "समिति" भन्नाले दफा ६ बमोजिमको कोष सञ्चालक समिति सम्झनु पर्छ ।

३. <u>कोषको स्थापना</u> : (१) प्रदेशमा कोरोना भाइरस (COVID–19) नियन्त्रण तथा उपचार सम्वन्धी व्यवस्था गर्न एक कोष स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु जम्मा गरिनेछ :-

(क) प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) नेपाल सरकारबाट कोषलाई प्रदान भएको रकम,

(ग) स्थानीय तहबाट प्राप्त रकम,

(घ) दातृ मुलुक, दातृ संस्था, अन्तर्राष्ट्रिय वा विदेशी गैर सरकारी संस्थाबाट कोषको नाममा सोझै प्राप्त भएको रकम,

(ङ) प्रदेश मन्त्रिपरिषद्का सदस्य, प्रदेश सभाका सदस्य, प्रदेशमा स्थापना भएका आयोग/प्रतिष्ठान/प्राधिकरण आदिका पदाधिकारी, प्रदेशका कर्मचारीले प्रदान गरेको रकम,

सचिव

(च) खण्ड (क) मा लेखिएदेखि बाहेक सम्पूर्ण सरकारी तथा गैर सरकारी संस्था वा त्यस्ता संस्थाका कर्मचारी, प्राध्यापक, शिक्षक, उद्यमी, व्यापारी, विभिन्न पेशागत व्यक्तिहरु, राजनीतिक दल, ट्रेड युनियन, गैर सरकारी संस्था, नागरिक समाज स्वदेश वा विदेशमा रहेका नेपाली नागरिक, गैर आवासीय नेपालीहरु वा सर्वसाधारणले स्वेच्छाले प्रदान गरेको रकम,

(छ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) को खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्नुपूर्व नेपाल सरकारको स्वीकृति लिनुपर्नेछ ।

तर, नेपालमा कार्यरत दातृ मुलुक, दातृ संस्था, अन्तराष्ट्रिय वा विदेशी गैर-सरकारी संस्थाको स्वीकृत बजेट तथा कार्यक्रममार्फत् प्राप्त हुने रकमको सम्बन्धमा नेपाल सरकारको स्वीकृति आवश्यक पर्ने छैन ।

४. <u>कोषको प्रयोग</u> : (१) कोषमा जम्मा भएको रकम देहायको कार्यको लागि खर्च गरिनेछः-

(क) कोरोना भाइरसको रोकथाम तथा उपचारका लागि आवश्यक आइसोलेशन अस्पताल स्थापना र सञ्चालनमा लाग्ने खर्चहरुको शीघ्र व्यवस्थापन गर्ने,

(ख) कोरोना भाइरसबाट मानवीय क्षति नियन्त्रण गर्न र सो प्रकोपको कारणबाट प्रभावित व्यक्तिको सहज परीक्षण तथा उपचारको व्यवस्था गर्ने,

(ग) कोरोना भाइरसको उपचारमा आवश्यक पर्ने मेडिकल सामाग्री, औषधी, उपकरणका लागि लाग्ने खर्चहरुको प्रबन्ध गर्ने,

(घ) कोरोना भाइरसको नियन्त्रण तथा उपचार गर्न प्रदेश सरकारबाट निर्णय भए बमोजिमका अन्य खर्च गर्ने,

(ङ) कोरोना भाइरसबाट ज्यान गुमाएका परिवारलाई दिने राहत दिने,

(च) कोरोना भाइरसको परीक्षणका लागि प्रयोगशाला स्थापना तथा सञ्चालनमा लाग्ने आवश्यक उपकरण, औषधि, सामग्री, स्वाव सङ्कलन तथा सञ्चालन गर्ने,

(छ) कोरोना भाइरसको उपचारको लागि स्वास्थ्य कार्यालय र सरकारी अस्पताललाई आवश्यक पर्ने उपकरण, सामग्री खरिद एवम् स्वाव सङ्कलन गर्ने,

(ज) प्रादेशिक कोरोना संकट व्यवस्थापन केन्द्र (सि.सि.एम.सी.)ले सिफारिस गरेका आधारमा समितिले निर्णय गरेका कार्यहरु,

(झ) दफा ६ बमोजिमको कोष संचालक समितिले उपयुक्त देखेका कोरोना महामारी नियन्त्रण तथा उपचार सम्बन्धी अन्य कार्यहरु,

(२) उपदफा (१) को खण्ड (झ) बमोजिम कोषवाट रकम खर्च गर्नुपूर्व आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व सहमति लिनु पर्नेछ ।



सचिव

५. <u>कोषको रकम प्रयोग हुन नसक्ने</u>: दफा ४ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषको रकम खर्च गर्न सकिने छैन :-

(क) कुनै सरकारी वा गैर सरकारी कर्मचारीलाई पारिश्रमिक, तलब, भत्ता वा सुविधा उपलब्ध गराउन,

(ख) कुनै सरकारी वा गैर सरकारी कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

(ग) कसैलाई चन्दा, पुरस्कार, उपहार, अनुदान तथा आर्थिक सहायता प्रदान गर्न,

६. <u>कोष सञ्चालक समिति</u> :- (१) कोष सञ्चालन तथा व्यवस्थापन गर्नको लागि देहाय बमोजिमको एक कोष सञ्चालक समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | मन्त्री, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | संयोजक |
| (ख) | सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| (ग) | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (घ) | सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | सदस्य |
| (ङ) | सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सदस्य सचिव |

(२) समितिको बैठक जुनसुकै बखत समितिको संयोजकले तोकेको स्थान, मिति र समयमा बस्नेछ।

(३) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ ।

(४) समितिले आवश्यकता अनुसार अन्य कर्मचारी वा विशेषज्ञ वा व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कुरा समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) उपदफा (१) बमोजिमको समितिले दफा (३) बमोजिमको कोषमा रकम जम्मा गर्न आह्वान गर्न सक्नेछ ।

७. <u>कोषको व्यवस्थापन तथा सञ्चालन</u> : (१) कोषमा प्राप्त हुने रकम राष्ट्रिय वाणिज्य बैंकको शाखामा विविध समूहको एक खाता खोली सो खातामा जम्मा गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको खाता समितिको सदस्य-सचिव र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको लेखा प्रमुखको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ ।

(३) दफा ६ बमोजिमको समितिको निर्णय बमोजिम मात्र कोषको रकम खर्च गर्नुपर्नेछ

(४) समितिको निर्णयनुसार कोषबाट उपलब्ध हुने रकम खर्च गर्ने निकाय वा कार्यालयको ख-३ विविध खातामा जम्मा गर्नुपर्नेछ ।

सचिव

(५) समितिले आफ्नो कार्यमा थप सहयोगको लागि आवश्कता भएमा प्राविधिक समिति गठन गर्न सक्नेछ ।उक्त समितिमा रहने सदस्य र समितिको कार्यक्षेत्रगत शर्त (TOR) समितिले तोके वमोजिम हुनेछ।

८. लेखा तथा लेखापरीक्षण : (१) कोषको आम्दानी खर्चको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

(३) उपदफा (२) बमोजिम लेखा परीक्षण गराउने र बेरुजु फछ्यौट गर्ने गराउने दायित्व कोषवाट रकम प्राप्त गर्ने निकाय वा कार्यालयको हुनेछ ।

(४) कोषबाट रकम प्राप्त गर्ने निकाय वा कार्यालयले आफूले गरेको खर्चको रकमको विवरण साप्ताहिक रुपमा आफ्नो वेभसाईट र सूचना पाटी मार्फत सार्वजनिक गर्नुपर्नेछ र खर्चको मासिक प्रगति विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पठाउनु पर्नेछ ।

(५) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले उपदफा (४) बमोजिम प्राप्त सूचना बमोजिम तयार भएको एकीकृत विवरण समितिका पदाधिकारीहरुलाई पठाउनु पर्नेछ ।

९. कोषको रकम खर्च गर्ने कार्यविधि : (१) दफा ४ बमोजिमको प्रयोजनका लागि कोषवाट रकम प्राप्त गर्ने निकाय वा कार्यालयले सम्पूर्ण विवरण सहित मन्त्रालयमार्फत् समिति समक्ष रकम माग गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम रकम माग भएमा कोरोना भाइरस (COVID-19) को रोकथाम तथा उपचारको लागि लाग्ने खर्चको आवश्यकता, कोषमा उपलब्ध भएको रकम र खर्चको औचित्य समेतलाई दृष्टिगत गरी समितिले उचित ठहराए बमोजिम रकम उपलब्ध गराउने गरी निर्णय गर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त हुने रकम खर्चको लेखा कोषवाट रकम प्राप्त गर्ने निकाय वा कार्यालयले छुट्टै राख्नुपर्नेछ ।

(४) कुनै सरकारी अस्पताललाई आइसोलेसन अस्पतालको रुपमा तोकिएकोमा त्यस्तो अस्पतालको लागि विनियोजन भएको रकमवाट खर्च गर्न मिल्ने जति नियमित विनियोजनवाट र त्यस्तो रकम उपलब्ध नभएमा मन्त्रालयमार्फत् समिति समक्ष रकम माग गरी पठाउनु पर्नेछ ।

(५) एउटै कार्यका लागि नियमित वार्षिक विनियोजन तथा कोषवाट उपलब्ध गराइएको रकम मध्ये दोहोरो नपर्ने गरी खर्च गर्नु पर्नेछ।

सचिव

(६) यस निर्देशिका बमोजिम कोषवाट प्राप्त रकम नियमानुसार खर्च गर्ने त्यसको विवरण अद्यावधिक गर्ने लगायतको सम्पूर्ण जिम्वेवारी कोषवाट रकम प्राप्त गर्ने निकाय वा कार्यालयको हुनेछ ।

१०. <u>सचिवालय सम्वन्धी व्यवस्था</u> : (१) समितिको सचिवालय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा रहनेछ ।

(२) समितिको निर्णय तथा कोषको खर्चको अभिलेख उपदफा (१) बमोजिमको सचिवालयमा राख्नुपर्नेछ ।

११. <u>कोष सञ्चालनको प्रशासनिक खर्च</u> : कोष सञ्चालन गर्दा आवश्यक पर्ने प्रशासनिक खर्च मन्त्रालयको नियमित बजेटबाट खर्च गर्नुपर्नेछ । कोषको रकमबाट बैठक भत्ता उपलब्ध गराउन सकिने छैन ।

१२. <u>कोषको खारेजी</u> : (१) छुट्टै कोष राख्नुपर्ने औचित्य नभएमा प्रदेश सरकारले कोषमा भएको रकम प्रदेश सञ्चितकोषमा जम्मा गर्ने गरी निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रकम जम्मा गरिसकेपछि यस निर्देशिका बमोजिमको कोष स्वतः खारेज हुनेछ ।

१३. <u>प्रदेश सरकारले निर्देशन दिन सक्ने</u> : प्रदेश सरकारले यस निर्देशिकाको कार्यान्वयनका सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१४. <u>दोहोरो पर्ने गरी खर्च गर्न वा सिफारिस गर्न नहुने:</u> (१) संघीय सरकारको तर्फवाट रकम उपलब्ध हुने क्रियाकलापको लागि कोषको रकम खर्च गरिने छैन।

तर संघीय सरकारको तर्फवाट निकासा हुन समय लाग्ने अवस्थामा तत्काल खर्च गर्नुपर्ने भएमा पछि सोधभर्ना गर्ने गरी पेश्की स्वरुप रकम उपलब्ध गराई व्यवस्थापन गर्न सकिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस निर्देशिकाको कार्यक्षेत्रभित्र पर्ने कुनै क्रियाकलापको लागि संघीय सरकारबाट प्राप्त हुने रकम अपर्याप्त हुने अवस्थामा कोषबाट नपुग रकम उपलब्ध गराउन बाधा पर्ने छैन ।

१५. <u>खारेजी र बचाउः</u> (१) कोरोना भाइरस (COVID-19) नियन्त्रण तथा उपचार कोष (स्थापना र संचालन) निर्देशिका २०७६ खारेज गरिएको छ ।

(२) कोरोना भाइरस (COVID-19) नियन्त्रण तथा उपचार कोष (स्थापना र संचालन) निर्देशिका, २०७६ बमोजिम भए गरेका कार्यहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

सचिव